नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

## सिलवन्दी वोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७२/०५/०७**

यस विभागका लागि आवश्यक पर्ने मसलन्द तथा स्टेशनरी सामान र छपाई सम्वन्धी कार्यका लागि छुट्टाछुट्टै सिलवन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ।

| प्याकेज | ठेक्का नं. | विवरण | जमानत रकम | वोलपत्र पेश तरिका |
|---|---|---|---|---|
| १ | NCB No. IRD/G/NCB/01/2072-73 | मसलन्द तथा स्टेशनरी सामान | रु १५००००।- | E-Bidding/ हार्ड कपी दाखिला |
| २ | NCB No. IRD/G/NCB/02/2072-73 | छपाई सम्वन्धी कार्य | रु ११२०००।- | हार्ड कपी दाखिला मात्र |

१. यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र ईच्छुक ईजाजत प्राप्त संस्थाले दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०७०/७१ को करचुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि साथ प्याकेज १ को लागि नगद रु ३,०००।- (अक्षरेपी रू. तीन हजार मात्र) र **प्याकेज नं. २** को लागि नगद रु १०००।- पछि फिर्ता नहुने गरी तिरी यस विभागबाट वोलपत्रसम्बन्धी कागजात खरीद गर्न सकिनेछ।

२. वोलपत्रदाताले जमानत वापत प्रत्येक कार्यको लागि (छुट्टा छुट्टै वोलपत्रको लागि) माथि उल्लेख भए अनुसारको जमानत बापतको रकम राष्ट्रिय वाणिज्य बैंक ठमेल स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाडौं,भुक्तानी केन्द्र नं.३ लैनचौरको कार्यालय कोड नं. २७/३०५/०३ धरौटी खाता नं. स.अ. ११००२०३ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको १२० दिन मान्य अवधि (वोलपत्र पेश गर्ने अन्तिम मिति देखि १२० दिन सम्म हुने गरी) रहेको बोलपत्र जमानत (बिडबण्ड) पेश गर्नु पर्नेछ।

३ वोलपत्र सम्बन्धी पूर्व वैठक मिति २०७२/०५/२५ गते दिनको १:०० बजे यस विभागमा गरिनेछ।

४. खरीद गरिएको वोलपत्र सम्बन्धी कागजात रीतपूर्वक भरी प्रत्येक पानामा सही गरी शिलबन्दी गरी आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा मिति २०७२।०६।०६ गते दिनको १२ बजेभित्र बुझाउनु पर्नेछ। सोही दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस विभागमा उक्त बोलपत्रहरु खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन।

५ बोलपत्र खरीद गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरि एको मिति र समयमा बोलपत्र खरीद गर्ने र पेश गर्ने अन्तिम मिति कायम हुनेछ। यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ।

६. बोलपत्रदाता कालो सूचिमा नपरेको हुनु पर्नेछ। साथै प्रस्तावित खरीद कार्यसँग कुनै स्वार्थ नबाझिएको वा पेशा वा व्यवसाय सम्बन्धी कसूरमा कुनै सजाय नपाएको भनी घोषणपत्र पेश गर्नु पर्नेछ।

७. वोलपत्रदाताले वोलपत्र साथ पेश गर्नुपर्ने कागजातहरूको प्रतिलिपि पेश गर्दा नोटरी पव्लिकबाट अनिवार्य रुपमा प्रमाणित गराई पेश गर्नु पर्नेछ।

८. E-Bidding मा भाग लिन चाहने वोलपत्र दातहरुले www.bolpatra.gov.np मा login गरी भाग लिन सकिने छ।

९. E-Bidding मा भाग लिन वोलपत्र साथ पेश गर्नु पर्ने कागजातहरु उपरोक्त Portal मा स्क्यान कपी PDF फाइलमा Upload गर्नु पर्नेछ। वोलपत्र दस्तुर वापतको रकम यस विभाग (कार्यालय कोड नं.२७/३०५/०३) को तर्फबाट रा.वा.बैंक ठमेल शाखामा कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाडौ भुक्तानी केन्द्र नं. ३, लाजिम्पाटको राजस्व हि.नं.१४२२७ मा जम्मा गरेको भौचरको स्क्यान कपी पेश गर्नु पर्नेछ।

१०. E-Bidding मा भाग लिएका वोलपत्र दाताहरुले पेश गरेको दररेट तथा अन्य कागजातहरुको हार्ड कपी वोलपत्र दाखिला गर्ने अन्तिम दिनको २ दिन भित्र विभागमा पेश गर्नु पर्नेछ। समयमा कागजात पेश नगरे वा फरक कागजात पेश गरेमा सो वोलपत्रदाताको वोलपत्र मूल्यांकनवाट स्वतः हटाईनेछ।

११. बोलपत्र सम्बन्धी थप अन्य कुनै जानकारी आवश्यक भएमा यस विभागको आर्थिक प्रशासन शाखामा सम्पर्क राख्नु हुन अनुरोध छ।

१२. यो बोलपत्र सम्बन्धी सूचना www.ird.gov.np/ www.ppmo.gov.np मा पनि हेर्न सकिने छ।

१३. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार आन्तरिक राजस्व विभागमा निहित रहने छ।

१४. यस सूचनामा उल्लेख गरिएका कुराहरू यसै सूचना बमोजिम र अन्य आवश्यक कुराहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ।